मिति २०८०।०८।१२ गते बसेको निस्दी गाउँ कार्यपालिकाको ४४ औं बैठकको निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो। गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा गइरहेको पाइयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगत रहेका ५२ वटा विद्यालयहरुको अनुगमनको प्रगती समिक्षा गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी कृषि तथा पशु उद्यमशिलता कार्यक्रमको लागि आशयपत्र (EOI) पेश गरेर सूचीकृत भएका संस्थाहरुसँग आर्थिक तथा प्राविधिक प्रस्ताव माग गर्ने सर्वसम्मत निर्णय गरियो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ.व २०८०।०८१ को लागि यस गाउँपालिकामा सूचिकृत भएका बेरोजगारको संख्याको आधारमा १०० दिनको रोजगार प्रदान गर्न तपशिल अनुसार वडागत बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा | छनोट भएका वेरोजगार संख्या | बजेट रु |
|---|---|---|---|
| १ | १ नं वडा कार्यालय ,बाकामलाङ्ग | ५ | ३,३४,०००।- |
| २ | २ नं वडा कार्यालय ,सहलकोट | ८ | ५,३४,४००।- |
| ३ | ३ नं वडा कार्यालय ,झिरुवास | २५ | १६,७०,०००।- |
| ४ | ४ नं वडा कार्यालय ,मित्याल | ६ | ४,००,८००।- |
| ५ | ५ नं वडा कार्यालय ,गल्धा | १० | ६,६८,०००। |
| ६ | ६ नं वडा कार्यालय ,अर्चले | ९ | ६,०१,२००। |
| ७ | ७ नं वडा कार्यालय ,ज्यामिरे | ६ | ४,००,८००।- |

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा पन्ध्र शैया अस्पताल ग्याभिङ्ग ठेक्काको म्याद सकिएकोमा म्याद थप गर्ने वा नगर्ने बिषयमा वृहत छलफल हुँदा अर्को कार्यपालिका बैठकबाट सो सम्बन्धमा टुङ्गो लगाउने निर्णय गरियो। गाउँ कार्यपालिकाको कार्यालयबाट पेश भए बमोजिम गत आ.व ०७९।८० मा ठेक्काबाट संचालित विभिन्न सडक निर्माणका कार्यहरु गरेका देहाय बमोजिमका निर्माण ब्यवसायीहरुको यस कार्यालयमा रहेको धरौटी जफत गरि उक्त धरौटी रकमबाट अवरुद्ध सडकहरु मर्मत संम्भार गरी सूचारु गर्नका लागि खरिद प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

०८०।८।१२

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

देहाय

| क्र.सं. | निर्माण व्यवसायीको नाम | ठेक्का नं | वडा नं. |
|---|---|---|---|
| १ | अमृत कन्सट्रक्सन, तानसेन, पाल्पा। | NCB/NRM/WORKS/079/80-04 & 05 | ४, ६ र ७ |
| २ | पारिलेक कन्सट्रक्सन, बर्तुङ्ग, पाल्पा। | NCB/NRM/WORKS/079/80-03 | ३ र ५ |
| ३ | पोखरेल कन्सट्रक्सन, रामपुर, पाल्पा। | NCB/NRM/WORKS/079/80-02 | १ र २ |

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा मण्डली स्पोर्टस् क्लव तथा पूर्वखोला गाउँपालिकाबाट संचालित खुल्ला भलिवल प्रतियोगितामा सहभागी भइ प्रथम स्थान हाँसिल गरेको निस्दी गाउँपालिकाको टिम लाइ सहयोग तथा प्रोत्साहन स्वरुप रु ३० हजार प्रदान गर्ने निर्णय गरियो। साथै आगामी दिनहरुमा यस्ता खेलकुद प्रतियोगिताका लागि आर्थिक सहयोग प्रदान गर्दा यस गाउँपालिका अन्तरगतका खेलाडीहरुको अधिकतम सहभागिता भएमा मात्र गाउँपालिकाबाट आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

७. प्रस्ताव नं.७ माथि छलफल गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८०/०८/१० गतेको परिपत्रानुसार यस गाउँपालिकालाई बाल श्रम मुक्त स्थानीय तह घोषणाको लागि गत आ.व. ०७९/८० मा **बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७** को अनुसूची २ बमोजिमको ढाँचामा प्रस्ताव पेश गरिएकोमा पुन उक्त प्रस्ताव सम्बन्धित मन्त्रालयमा पेश गर्ने निर्णय गरियो।

मिति २०८०/०८/१२ गते बसेको निस्दी गाउँपालिकाको ४४ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु प्रमाणित।

०८० ८।१२

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा